महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जितपुर, धनकुटा
प्रदेश नं. १, नेपाल


पत्र संख्याः- ०७६/७७ मितिः- २०७७।०३।०४
चलानी नं. - २४६२

श्री वडा कार्यालय (सवै)
महालक्ष्मी नगरपालिका, धनकुटा ।

विषयः सूचना टाँस गरी जानकारी पठाईदिनु हुन ।

प्रस्तुत विषयमा नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP) को मिति २०७७/०२/२८ गते प्रथम पटक प्रकाशित गरेको सुचनाको छायाँकपि थान १ (एक) यसै पत्रसाथ सम्लग्न गरी पठाईएको छ ।सवै मेयर टोल सुधार संस्था मार्फत प्रचार प्रसारको व्यवस्था गरी तँहा कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी सो को जानकारी यस कार्यालयलाई पठाईदिनुहुन अनुरोध छ ।

खगेन्द्र नेपाल
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)
हरीहरभवन, ललितपुरः उक्त सूचना यस कार्यालयको सुचनापाटीमा मिति २०७७।०३।०४ गते टाँसिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।


फोन नं. ०२६-६९१६८६,७०० प्रमुख ९८५२०७०१२३ उप-प्रमुख ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०१२१
Email: mahalaxmimunjitpur@gmail.com Web. http:// www.mahalaxmimundhankuta.gov.np

**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)

**(IDA credit – 6149 NP)**

## दुध तथा दुग्ध पदार्थ, मासु तथा मासुजन्य पदार्थ र च्याँङ्ग्रा पश्मिना संग आवद्ध उत्पादक संस्थाहरुलाई उत्पादन मूलक गठबन्धनको ढाँचामा उप-आयोजना अवधारणा पत्र (PCN) पेश गर्ने बारे अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०२/२८**

यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले उत्पादनमूलक गठबन्धनलाई प्रवर्द्धन र संस्थागत गर्दै सो गठबन्धनमा आवद्ध भएका उत्पादक संस्थाहरु (Producers Organization) लाई तोकिएको ढाँचामा र मूल्य श्रृखंलामा उप-आयोजना अवधारणा पत्र पेश गर्न आह्वन गर्दछ। उत्पादनमूलक गठबन्धनमा आवद्ध हुने पात्रहरु मध्ये उत्पादनकर्ता (Producers) लाई प्रतिस्पर्धाको आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रु १ करोडसम्म पूरक अनुदान, प्राविधिक सेवा-टेवा तथा व्यवस्थापकीय सुधारको लागि आयोजनाले सघाउने छ। खरिदकर्ता (Buyer) हरुका लागि भने उत्पादन कर्ताहरुबाट नै आफ्नो व्यवसाय संचालनका लागि निश्चित समयमा तोकिएको परिमाण र गुणस्तरको वस्तु सहजै आपूर्ति हुनेछ। यस गठबन्धनको माध्यमबाट दुवै पक्षलाई लाभ हुन गई पशुजन्य पर्दार्थको उत्पादन र बिक्री वितरणमा उल्लेखीय परिवर्तन आउने अपेक्षा गरिएको छ।

आयोजना, नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा आ.व. २०७४/७५ देखि संचालित छ। यो आयोजना सञ्चालन भएको २८ जिल्लाहरु मध्ये २६ जिल्ला (पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग, सुनसरी, सप्तरी, धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर, चितवन, स्याङ्गजा, कास्की, तनहुँ, म्याग्दी, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) रुपन्देही, नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम) कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, वर्दिया) का सवै पालिकाहरुमा दुध तथा दुग्ध पदार्थ, मासु तथा मासुजन्य पदार्थको मूल्य श्रृंखला र अन्य २ जिल्ला (मनाङ्ग, मुस्ताङ्ग) का सवै पालिकाहरुमा च्याङ्ग्रा पश्मिनाको मूल्य श्रृंखलाका कार्यक्रमहरु सञ्चालन हुनेछन आयोजना सञ्चालनको लागि काठमाडौमा आयोजना व्यवस्थापन कार्यालय र विराटनगर, हेटौडा, पोखरा तथा बुटवल गरी चार स्थानमा विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु रहेका छन आयोजनाले पशु सेवा क्षेत्रलाई सुदृढीकरण गर्दै नवीन प्रविधिहरुका माध्यमबाट पशुजन्य पदार्थ, विशेष गरी दूध तथा दुग्धजन्य पदार्थ, खसीबोकाको मासु र च्याङ्ग्रा पश्मिनाको उत्पादन र उत्पादकत्व वृद्धी गर्ने उद्देश्य राखेको छ। आयोजना २०८० साल असार १५ सम्म सञ्चालन हुने छ।

आयोजना (NLSIP) ले पहिलो चरणमा पशुपालन क्षेत्रमा क्रियाशील रहेका **कृषक समूह र सहकारी संस्थाहरुबाट** उत्पादनमूलक गठबन्धन (Productive Alliance) को ढाँचामा उल्लेखित मूल्य श्रृंखलाहरुको उप-आयोजना अवधारणा पत्र (Project Concept Note, PCN) पेश गर्न अनुरोध गर्दछ।

पेश भएका प्रस्तावहरुलाई आयोजनाको निर्धारित विधि अनुसार मूल्याङ्कन गरी उत्कृष्ट उप-आयोजना प्रस्ताव हरुलाई प्रतिस्पर्धाको आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रु १ करोडसम्म पूरक अनुदान उपलब्ध गराइने छ। यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरुले उप-आयोजनाको कूल लगानीको ३० प्रतिशत अंश नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक वा वित्तीय संस्थाबाट ऋण स्वीकृत गराउनु पर्ने र बाँकी २० प्रतिशत अंश नगदै सम्वन्धित बैक वा वित्तीय संस्थामा जम्मा गर्नुपर्ने छ। अन्य शर्तहरु निम्न अनुसार हुनेछन्:

- उत्पादनकर्ताले उत्पादन गरेको बस्तु तोकिएको परिमाण, गुणस्तर र मूल्यमा खरिदकर्ताले खरिद गर्न इच्छुक रहेको भनी उत्पादनकर्ता र खरिदकर्ताबीच सम्झौता भएको हुनु पर्नेछ।
- उप-आयोजनाको कूल लगानीमध्ये ३० प्रतिशत अंश आफूले रोजेको वैक वा वित्तीय संस्थाबाट ऋण लगानी गर्ने आशयको पत्र संलग्न हुनु पर्नेछ।
- उप-आयोजना अवधारणा पत्र आयोजनाले तयार पारेको उप-आयोजना अवधारणा पत्र तयारी तथा स्थलगत प्रमाणीकरण विधिको अनुसूची- १ बमोजिम हुनु पर्नेछ।
- उप-आयोजना अवधारणापत्र तोकिएको म्याद भित्र इच्छुक आवेदक संस्थाहरुले सम्वन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई वा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा बुझाई जानकारी सम्वन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईलाई गराउनु पर्नेछ।
- उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन पश्चात स्थलगत प्रमाणीकरण हुनेछ। स्थलगत प्रमाणीकरणबाट सफल हुने उप-आयोजना अवधारणा पत्रलाई मात्र उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्न आयोजनाबाट लिखितरुपमा आमन्त्रण गरिने छ।
- उत्पादनमूलक गठबन्धनका खरिदकर्तालाई अनुदान उपलब्ध हुने छैन।
- तोकिएको म्यादभित्र तथा रीत नपुगेका उप-आयोजना अवधारणा पत्रलाई मान्यता दिइने छैन।
- कुनै पनि अवधारणा पत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आयोजना वा यसका निकायहरुमा सुरक्षित रहने छ।

**उप-आयोजना अवधारणा पत्र पेश गर्ने अन्तिम म्यादः** उप-आयोजना अवधारणा पत्र आवेदक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र माथी उल्लेखित कार्यालयहरु मध्ये कुनै एकमा पेश गरी सक्नु पर्नेछ। म्याद नाघी आएको उप-आयोजना अवधारणा पत्र उपर कुनै कारवाही गरिने छैन।

**उप-आयोजना पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. संस्था दर्ता भएको प्रमाण (२) कम्तीमा ६ महिनाको वैक स्टेटमेन्ट (नयाँ दर्ता भएको भए चेकबूकको फोटोकपी) (३) VAT/PAN मा दर्ता भएको प्रमाण पत्र (४) पछिल्ला आ.व. को लेखा परीक्षण प्रतिवेदन (दर्ता भएर एक वर्ष पूरा भएका संस्थाहरुको लागि) (५) चालू आ.व. को करचुक्ता प्रमाण पत्र (दर्ता भएर एक आ.व. पुरा गरि सकेका आवेदक संस्थाले मात्र) (६) जग्गा उपलब्धताको प्रमाण (७) उत्पादनमूलक गबन्धनको सम्झौता (८) सामाजिक, वातावरणीय सुरक्षा पालना गर्ने प्रतिबद्धता (९) आफूले रोजेको वित्तीय संस्थाको ऋण लगानी गर्ने आशय पत्र (१०) सम्बन्धित स्थानीय तहलाई जानकारी गराएको पत्र।

**पुनश्च-** कृषक समूहको हकमा बुँदा नं. ३,४ र ५ आकर्षित हुने छैन।

**उप-आयोजना अवधारणा पत्र तयारी र स्थलगत प्रमाणीकरण विधि** तथा अन्य जानकारीहरु आयोजनाको Website: nlsip.gov.np मा उपलब्ध छ। थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

आयोजना व्यवस्थापन इकाई हरिहरभवन, ललितपुर, फोन नं. ९७७-०१-५५५४९०६

**विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुः**

पोखरा, फोन ०६१-५२७१२० हेटौडा, फोन नं. ०५७-५२४५७४ विराटनगर, फोन नं. ०२१-५००२८३ बुटवल, फोन नं. ०७१-५५०५८०